# पोखरा उप–महानगरपालिका कार्यालय

## न्यूरोड ८, पोखरा

### मसलन्द सामग्रीहरु, छपाई सामग्रीहरु, गाडीहरुको स्पेयर पार्टसहरु र विद्युत सामग्री खरिद सम्वन्धि शिलवन्दी बोलपत्रको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७३/०४/०४ गते

पोखरा उप–महानगरपालिका कार्यालयको लागि आ.व. २०७३।०७४ को मसलन्द सामग्री, छपाइ सामग्री र गाडीहरुको मर्मतको लागि स्पेयर पार्टर्स र विद्युत सामग्री पटकपटक खरिद कार्य गर्नका लागि इजाजत प्राप्त फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तका अधिनमा रही शिलवन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धीतको लागि सुचित गरिएको छ ।

१. बोलपत्र सम्बन्धी कागजातको सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र चालु आ.ब.को लागि नविकरण गरेको इजाजत पत्र, आयकर दर्ता प्र.पत्र एवं मु.अ.कर (भ्याट) दर्ता प्र.पत्रको प्रतिलिपी संलग्न राखि निवेदन साथ प्रत्येक प्याकेजको लागि रु १,०००/- (एक हजार रुपैया) का दरले दस्तुर (फिर्ता नहुने) तिरी यस पोखरा उप–महानगरपालिका कार्यालयवाट, कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२ वजे भित्र यस उप–महानगरपालिकाको कार्यालयमा बोलपत्र सि.नं. १ मा उल्लेखित प्रमाण पत्रहरु संलग्न राखि शिलबन्दी वोलपत्र गरी पेश गर्नु पर्नेछ । अन्यथा बोलपत्र मान्य हुनेछैन । साथै बोलपत्र खामको बाहिर कामको नाम, बोलपत्रदाताको फर्मको नाम र ठेगाना स्पष्ट लेख्नु पर्नेछ । दाखिला भएको बोलपत्र सोहि दिन दिनको २ वजे पछी बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहबरमा वा निजहरु उपस्थित नभए पनि यस कार्यालयमा खोलिने छ ।

३. बोलपत्र खरिद गर्ने दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. बोलपत्र साथ बोलपत्र जमानत(अर्नेष्ट मनी) नेपाल राष्ट्रबैंक, राष्ट्रबैंकचोक पोखरामा रहेको धरौटी खाता नं. १८०४७०२००१०३०५२४ मा तोकिए बमोजिम रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षबाट बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट न्युनतम १२० दिन म्याद राखि जारी गरिएको बैंक जमानी पत्र (विडवण्ड) संलग्न हुनु पर्नेछ ।

५. बोलपत्र स्वीकृत भएमा कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वापत स्वीकृत अंकको ५%(पांच प्रतिशत) ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा न्युनतम १ वर्ष अवधि राखि जारी गरिएको बैंक जमानी पत्र संलग्न राखि संझौता गर्नु पर्नेछ ।

६. बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा सही छाप गरेको हुनु पर्नेछ ।

७. कुनै आइटममा दररेट उल्लेख गरेको नपाइएमा अन्य आइटमको दररेटमा समावेश भएको मानिनेछ ।

८. रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

९. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. बोलपत्र दाता आफुले कबोल गर्ने अंक मूल्य अभिबृद्धि कर बाहेकको हुनु पर्नेछ । मूल्य अभिबृद्धि करको रकम छुट्टै भुक्तानि हुनेछ

११. बोलपत्रको मान्य अवधि बोलपत्र खुल्ने मितिले ९० (नब्बे) दिनको हुनेछ ।

१२. बोलपत्र स्वीकृत नभएका बोलपत्र दाताहरुको विडवण्ड वा अर्नेष्ट मनीको रकम ठेक्का संझौता भएपछि मात्र फिर्ता भुक्तानि दिइनेछ ।

१३. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ वमोजिम हुनेछ ।

१४. यस सम्बन्धमा थप कुरा वुझ्नु परेमा कार्यालय समय भित्रमा यस कार्यालयको सम्पर्क गर्न सकिने छ ।

**तपसिल**

| ठेक्का नं | कामको विवरण | रकम (मूल्य अभिवृद्धि कर बाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १/०७३/७४ | गाडीहरुको स्पेयर पार्टसहरु खरिद | रु.३५,,३९,०००/- | कवोल रकमको २.५ प्रतिशत | |
| २/०७३/०७४ | मसलन्द सामग्रीहरु | रु.२६,५४,८००/- | कवोल रकमको २.५ प्रतिशत | |
| ३/०७३/०७४ | छपाइ सामग्रीहरु | रु.२६,५४,८००/- | कवोल रकमको २.५ प्रतिशत | |
| ४/०७३/०७४ | विद्युत सामग्रहिरु | रु.३३,६२,०००/- | कवोल रकमको २.५ प्रतिशत | |